मिति : २०७६ साल पौष २४ गते

समय : दिनको ३.०० बजे

स्थान : धनकुटा नगर कार्यपालिको कार्यालय ।

विषय : शाखा/उपशाखा/केन्द्र/इकाई प्रमुखहरुको बैठक

**<u>बिशेष उपस्थिति :</u>**

प्रमुख श्री चिन्तन तामाङ्ग

उपप्रमुख श्री शकुन्तला बस्नेत

<u>कर्मचारीहरुको उपस्थिति विवरण :</u>

१) प्रमुख प्रशासकीय अधिकृत श्री राम बहादुर थापा

२) अधिकृत श्री दिपक पौडेल

३) शाखा अधिकृत श्री नगेन्द्रमणि श्रेष्ठ

४) अधिकृत श्री सीताराम गौतम

५) लेखा अधिकृत श्री नर बहादुर भुजेल

६) इन्जिनियर श्री मिडमा दोर्जी शेर्पा

७) राजश्व अधिकृत श्री राजु गुरागाईं

८) प्रशासकीय अधिकृत श्री डम्बर रोगु

९) अधिकृत श्री भक्तमान राई

१०) अधिकृत श्री आशा कुमारी मोक्तान

११) अधिकृत श्री सुमन्ता याङखुङ्ग

१२) अधिकृत श्री शिव प्रसाद श्रेष्ठ

१३) अधिकृत श्री विकाराम राई

१४) जनस्वास्थ्य निरीक्षक श्री भोजराज भण्डारी

१५) कम्प्युनिटी नर्सिङ्ग अधिकृत श्री कविता अधिकारी

१६) प्रबन्धक श्री नुषराज श्रेष्ठ

१७) वित्त अधिकृत श्री उपेन्द्र खनाल

१८) सचिवालय अधिकृत श्री विकास अधिकारी

१९) सूचना प्रविधि अधिकृत श्री थोपा निरौला

२०) महिला विकास निरीक्षक श्री निरा चापागाईं

२१) अलेप श्री त्रिविक्रम दाहाल

२२) खरिदार श्री तेज बहादुर थापा

निर्णय नं. १
धनकुटा नगरपालिका, नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७५ बमोजिम यस कार्यपालिकाको कार्यालयको विभिन्न शाखा/उपशाखा/केन्द्र/इकाई प्रमुखहरुलाई तोकिएको जिम्मेवारी सम्पादन गर्दा नविनतम नीतिगत कार्यहरुका लागि शाखा प्रमुखहरुसँग समन्वय गरी कार्य गर्ने र कार्य विभाजन नियमावलीमा तोकिएका अन्य नियमित प्रशासनिक कार्यहरु उपशाखा/केन्द्र/इकाईका प्रमुखहरुबाटै समन्वयत्मक रुपमा सम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं. २
सवारी साधन सञ्चालन तथा इन्धन व्यवस्थापनमा मितव्ययी, संस्थागत रुपमा उपयोगि बनाउन लगबुकमा आधारित इन्धन प्रयोग तथा सवारी साधन सञ्चालन गर्न आवश्यक प्रशासनिक व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३
नगर कार्यपालिकाको कार्य प्रगतिलाई संस्थागत गरी सूचना व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउन चौमासिक/मासिक रुपमा उपशाखा/केन्द्र/इकाईबाट सम्पादित नतिजामुलक कार्यहरुको प्रतिवेदन गर्न सूचकगत विवरण प्रमुखज्यूको सचिवालय र सूचना व्यवस्थापन समिति समेतलाई उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४
यस नगरपालिकाको चालु आर्थिक बर्षको अर्धबार्षिक समीक्षा गोष्ठी यही माघ मसान्त भित्र आयोजना गर्ने गरी तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ५
नगर कार्यपालिकाको कार्यालयबाट सम्पादित कार्य प्रणालीलाई सरल, प्रभावकारी र मितव्ययी बनाई वित्तिय अनुशासन कायम गर्न धनकुटा नगर कार्यपालिका कार्य सञ्चालन निर्देशिका, २०७६ तथा अन्य शिक्षा ऐन, संस्था दर्ता ऐन, घरेलु उद्योग दर्ता लगायतका ऐन/नियमहरु तयारी कार्यालय र सम्बन्धित समितिबाट तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ६
वडातहमाा सञ्चालन गरिने सामाजिक कार्यक्रमहरुको अभिलेख सामाजिक विकास उपशाखामा र सूचना व्यवस्थापन सम्बन्धी कार्यहरु प्रशासन उपशाखा/ तथ्याङ्क व्यवस्थापन इकाईमा अभिलेख राखी कार्य सम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७
कार्यालयको नियमित कामको प्रगति लगायतको विषयमा छलफलका लागि शाखा/उपशाखा/केन्द्र/इकाई प्रमुखहरुको बैठक महिनाको अन्तिम हप्ता बस्ने निर्णय गरियो ।